# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २१ गते २०१३ साल

### उद्योग वाणिज्यमन्त्रालयको सूचना

घरेलु शिल्पकला बिक्री भण्डार

पत्रसंख्या ४।घ मा क।१६ मिति ०१३।४।२१

१. स्थापनाः—

घरेलु र साना साना उद्योगको बिकाशको निम्ति कालीगढहरूले तयार गरेको वस्तु बिक्री गर्ने व्यवस्था गरी दिनु र तिनीहरूलाई डिजाइन र क्वालिटी सुधार गर्न मद्दत गर्नु

र बिक्रीको तरिकामा सुधार र विकाश गर्न उचित कदम उठाउनु

र हाम्रो शिल्पकलाका वस्तुहरूको खपत स्वदेश र विदेशमा समेत बढाउनु-परेकोले उपभोक्ताहरूको इच्छा बुझी त्यसको खबर उत्पादकहरू कहाँ पुर्याउने व्यवस्था गर्नु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

र कालिगढहरूलाई चाहिने कच्चा पदार्थ र मेशीन ज्यावलहरू सरल मोलमा सुलभ गराई दिनु अति आवश्यक ठहरिएको

र यो काम एक समितिबाट गराए यसको लक्षपूर्ति बढी मात्रामा र चाँडो हुने देखिएकोले सरकारबाट विकाश–समिति ऐन २०१३ को दफा ३ को उपदफा [१] बाट प्रदत्त अधिकारको प्रयोग गरी घरेलु शिल्प कला बिक्री भंडार आजका मितिदेखि खडा गरेको छ । यसको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र यसको काम सुचारु रुपले चलाउन यसले आवश्यक ठहराएको बखत सरकारको इजाजत लिई मुलुकभित्र र बाहिर पनि शाखा उपशाखाहरू खोल्न पाउनेछ ।

२. काम कारवाई:—

यो संस्थालाई देहायबमोजिमको काम सुम्पिएको छः—

घरेलु उद्योगबाट उत्पादित बस्तुहरूको बिक्री सुचारु रुपले गरी त्यसको खपत बढाई घरेलु उद्योगको विकाश गर्ने उद्देश्यले यसले देहायमा लेखिएका समेत आवश्यकीय काम गर्नेछ—

[क] नेपाली घरेलु उद्योग व्यवसायीहरूलाई निजहरूले तयार गरेका वस्तुहरू खरीद गरी लिई वा कमिशनमा लिई बिक्री गरी दिने व्यवस्था गर्ने ।

[ख] नयाँ डिजाइनका वस्तुहरू उत्पादन गर्नमा प्रोत्साहन दिने र यस्ता बस्तुहरूको अभिरुची बढाउने प्रबन्ध गर्ने ।

[ग] हाम्रा शिल्पकला हस्तकलाका वस्तुहरूको देश विदेशमा चाहना बढाई त्यस्ता वस्तुहरूको निकाशीको व्यवस्था गर्ने ।

[घ] कालिगढहरूलाई चाहिने कच्चा मालहरू र मेशीन ज्यावल खरीद गरी वा झिकाई राखी ती वस्तुहरू सुपथ मोलमा कालिगढहरूलाई दिलाउने ।

[ङ] आवश्यकीय कच्चा माल मेशीन ज्यावलहरू समेत दिई कालिगढहरू-बाट जनतामा माग हुने किसिमका वस्तुहरू अर्डर दिई बनाउन लगाई बिक्री गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[च] कालिगडहरूलाई छोटो अवधिको निमित्त उचित मात्रामा सापटी दिने।

[छ] कालिगडहरू वा कालिगड संस्थाहरूको रजिष्ट्रेई गरी राख्ने।

[ज] कालिगडहरूलाई तिनहरूको पेशा सम्बन्धमा अभिरुची हुने वा उप-योगी हुने किसिमको देश विदेशको खबर प्रचार गर्ने।

[झ] बिक्री वितरणको आधुनिक कलाको प्रचार गर्ने र

[ञ] सरकारको उत्पादन केन्द्रहरूबाट तयार भएका मालहरू खरीद गरी बिक्री गर्ने।

३. पूँजी:—

यो समितिको अधिकृत मूलधन मो रु १०,००,००० हुनेछ, असमध्ये हाल मो रु ५,००,००० को पूँजी सरकारबाट प्रदान गरिएको छ। दरकार परेमा सञ्चालक समितिको सिफारिशउपर विचार गरी सरकारले उपरोक्त अधिकृत मूल धनमा थपघट गर्न सक्छ।

४. गठन:—

उपरोक्त ऐनको ३ को उपदफा (२ बमोजिम यो संस्थाको काम चलाउन एक सभापति तथा अरू चार जना सदस्यहरूको एक सञ्चालक समिति गठन गरिएको छ।

हाल यो समितिका सदस्यहरू देहायबमोजिम मुकरर गरिएको छ:—

(१) श्री माननीय उद्योग वा गज्यमन्त्री — सभापति

(२) श्री डाइरेक्टर उद्योग विभाग—कुलधर्मरत्न तुलाधर — सञ्चालक

(३) श्री एकाउण्ट अफिसर—लक्ष्मीलाल जोशी — सञ्चालक

गैर सरकारी सदस्यहरू:—

(४) श्री लोकनाथ जोशी — सञ्चालक

(५) श्री सूर्यबहादुर — सञ्चालक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यी सञ्चालकहरू ५ वर्षको निम्ति नियुक्त हुनेछन्, तर पहिलो पटक नियुक्त भएका संचालकहरू वर्षको एक एक जना रिटायर्ड हुनेछन् । कुन कुन सालमा को रिटायर्ड हुने भन्ने कुरा गोला प्रथाद्वारा निर्णय गरिनेछ । रिक्त स्थान सरकारद्वारा पूर्ति गरिनेछ । रिटायर्ड भएका संचालकहरूलाई सरकारले फेरि नियुक्त गर्न सक्नेछ । सभापति पनि सरकारद्वारा मनोनीत हुनेछ । यी संचालकहरूले सभामा उपस्थित भएका दिन जनही मोरु १६ सोह्रका दरले फी पाउनेछन् ।

५. संचालकको अयोग्यताः—

देहायको अवस्थामा हुने व्यक्ति संचालक हुन रहन पाउनेछैन ।

(१) टाट उल्टेको वा

(२) बहुलाएको वा

(३) यी संस्थाको अफिसर वा कर्मचारी पदमा बहाल रहेको ।

६. कायम मुकायमः—

बिरामी परी, बिदामी वसी वा अरु कार्यकारण परी केही समयसम्म काम दिन नसक्ने भएमा सरकारले त्यस्तो संचालकको स्थानमा कायम मुकायम खटाउनेछ ।

७. खाली खाराः—

(१) समितिको अनुमतिविना कुनै सदस्य लगातार तीन पटक समितिको सभामा उपस्थित नभएमा संचालकको पदबाट हटाइनेछ ।

(२) सरकारले कार्यकारण परेमा संचालकलाई बर्खास्त गर्न सक्नेछ ।

(३) समितिका जुनसुकै सदस्यले सरकारछेउ राजीनामा पेश गर्न सक्ने छन् । राजीनामा स्वीकृति भएपछि निजको स्थान रिक्त हुनेछ ।

(४) उपरोक्त अवस्था परी रिक्त हुन आएको स्थानमा सरकारले योग्य व्यक्ति नियुक्ति गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. समितिको सभाः—

(१) संचालक समितिको सभा चाहिएका बखत सभापतिको तजबिजले बोलाउनेछ । तर यस्तो सभा कमसेकम वर्षको ६ पटक र कमसेकम तीन महीनाको १ पटक बोलाउनु पर्छ ।

(२) सभापतिसमेत कमसेकम तीन जना सदस्य नभै सभा गर्न हुँदैन, सो-बमोजिम गणपूरक संख्या पुगी बसेको सभाको निर्णय संचालक समितिको निर्णय मानिनेछ ।

(३) कमसेकम २ जना संचालकले लिखित अनुरोध गरेमा सभापतिले जुन-सुकै बखत पनि सभा बोलाउन पर्नेछ ।

(४) पक्ष विपक्षको भोट बराबर भएमा सभापतिले निर्णयात्मक मतको प्रयोग गर्नेछन् ।

९. हर हिसाबः—

(१) यो संस्थाको हर हिसाब लेस्ता संचालक सभाले मुकरर गरेको ढाँचामा नेपाली भाषामा रहनेछ ।

(२) यो संस्थाको काम कारवाइको मासिक रिपोर्ट सरकारमा पेश गर्नुपर्नेछ ।

(३) आर्थिक वर्ष अन्त भएको २ महिनाभित्र सभापति र मैनेजरको सहि परेको र अडिटरले समेत प्रमाणित गरेको वार्षिक हर हिसाब तथा सो वर्षमा भएको कामकाज बारे समितिले तयार पारेको रिपोर्ट सरकार-छेउ पेश गर्नुपर्नेछ यस्तो हर हिसाब तथा रिपोर्ट सरकारद्वारा प्रका-शित हुनेछ ।

१०. मैनेजरः—

समितिको देखरेखमा रही दैनिक कामकाज चलाउनलाई एउटा मैनेजर रहनेछ । निज तीन वर्षका अवधिका निमित्त समितिको सिफारीसअनुसार सर-कारबाट नियुक्त गरिनेछ । सो अवधि सकिएपछि सरकारले मनासिब ठहराएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

समितिको सिफारीसबाट निजको पुनर्नियुक्त गर्न सक्नेछ।

११. निकाशा:—

समितिले सरकार साध्नु पर्ने कुरा उद्योग विभागमार्फत उद्योग वाणिज्य मंत्रालयमा साध्नेछ र सो मंत्रालयले पनि उचित निकाशा दिने र सरकार तरफबाट गर्नुपर्ने काम कारवाई गर्नेछ।

१२. नियम बनाउने अधिकार:—

यो संस्थालाई जिम्मा लगाएको काम कार्यान्वित गर्न संचालक समितिले सरकारको स्वीकृति लिई एवै विषयमा विशेषत: देहायका कुराहरुमा नियम बनाई सरकारबाट स्वीकृति गराई लागू गर्न सक्नेछ।

(१) संचालकसमितिले गर्ने कामको तरीका र समितिको सभाको कार्यविधिबारे

(२) संचालक समितिले मेनेजर र अरु कर्मचारीलाई अख्तियारी सुम्पनेबारे,

(३) चाहिएका बखत संचालक समितिले उपसमिति गठन गर्ने र त्यस्ता उपसमितिको कार्यविधिबारे।

(४) यो संस्थाका कर्मचारीहरुको नियुक्ति बहाली, प्रमोशन, बर्खासी, तलब, भत्ता, पेन्शन, बोनस, बिदा, आचरण, अनुशासन इत्यादि र गठनबारे।

(५) ऐन सवालको रीत पुऱ्याई संस्थातर्फबाट गरिने पट्टा कबुलियत सम्बन्धी शर्तबारे।

(६) संस्थाको हरहिसाब तथा ब्यालेन्स सीट राख्ने तयार गर्ने ढाँचाबारे।

१३. अडिटर:—

(क) सरकारले संस्थाको हरहिसाब जाँच्न एकजना अडिटर नियुक्त गर्नेछ। उनको फीस सरकारले तोकिदिएबमोजिम हुनेछ।

(ख) सरकारले चाहेमा जुनसुकै बखत विशेष अडिटरद्वारा संस्थाको हरहिसाब जचाउन सक्नेछ।

(ग) संस्थाले अडिटरलाई आफ्नो वार्षिक बेलेन्स सीटको एकप्रति दिनुपर्नेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र अडिटरले तत्सम्बन्धी भाउचर र कागजातसहितको हरहिसाब जाँच्नु-पर्नेछ। अडिटरले चाहेमा जुनसुकै बहीखाता तथा तत्सम्बन्धी कागजात पनि हेर्न पाइनेछ। हरहिसाब जाँच्ने सिलसिलामा अडिटरले जुनसुकै संचालक वा अफिसर बुझ्न पाउनेछ।

(घ) माथि लेखिएबमोजिम हिसाब जाँची सकेपछि अडिटरले आफ्नो रिपोर्टमा देहायका कुराको स्पष्ट उल्लेख गरी सरकारछेउ रिपोर्ट पेश गर्नुपर्नेछ।

(१) बेलेन्ससीटमा गर्नुपर्ने कुरा परेको छ छैन र सो बेलेन्ससीटले संस्था-को यथार्थ हाल व्यक्त गर्छ गर्दैन।

(२) हरहिसाब नियमित छ छैन, र

(३) सोधनी गरिएका कुराको सन्तोषजनक उत्तर पाएको छ छैन।

१४. लाभ हानिः—

हरएक आर्थिक वर्षको अन्त्यमा हुन आएको मुनाफाबाट रिजर्भ डिप्रिसि-एशन र संस्थाको भैपरी आउने कामको निमित्त समेत जो चाहिने रकम संचालक समितिको तजविजले पसारी सकेपछि बाँकी रहन आएको रकम सरकार दाखिल गरिनेछ।

१५. हानि नोक्सानीबारे जवाफदेहीः—

यस संस्थाका संचालक मेनेजर कर्मचारीहरूले पाएको अख्तियारबमोजिम कामकाज गर्दा बेइमानी चिताएको वा जानी जानी भूल बेहिसाब भएको रहेनछ भने पर्न आएको हानि नोक्सानीको निजहरू व्यक्तिगत तवरले जवा-फदेही हुनेछैनन्। तर कसैले नियमप्रतिकूल काम गरेबाट जरिवाना भएमा निजहरूले खुबै बेहोर्नुपर्नेछ। आज्ञाले—

रामप्रसाद जोशी,

का. मु. सेक्रेटरी—उद्योगवाणिज्य मन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 969

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।